# लोक सेवा आयोग

## राष्ट्रिय वाणिज्य बैक लिमिटेड, प्रशासन, सूचना प्रविधि चौथो, सहायक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/११/२०

**पत्रः प्रथम**

**समयः ३ घण्टा**

**पूर्णाङ्क : १००**

**विषयः बैकिङ्ग, लेखा तथा कम्प्युटर/ आइटी**

***प्रत्येक खण्ड (Section) को उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।***

### खण्ड 'क' बैकिङ्ग

४० अङ्क

१. बैक तथा वित्तीय संस्थाहरुले कार्यान्वयन गरेको ग्राहक पहिचान अवधारण (KYC) को विषयमा लेख्नुहोस् । यो अवधारणाको कार्यान्वयनले जनताको वित्तीय पहुँच र कारोवार सम्बन्धी बैकले प्रवाह गर्ने सेवामा कस्तो प्रभाव पारेको छ ? उल्लेख गर्नुहोस् ।

२. सम्पत्ति शुद्धीकरण भनेको के हो ? सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐनले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलार्य दिएको अनुसन्धान तथा तहकिकाल सम्बन्धी अधिकारहरुबारे उल्लेख गर्नुहोस् ।

### खण्ड 'ख' लेखा प्रणाली, बैंकको आन्तरिक लेखा प्रणाली

३. स्वच्छ एवं बैकिङ्ग प्रणालीमा लेखा परीक्षणको महत्व दर्शाउनुहोस् । राष्ट्रिय बाणिज्य बैकमा बाहय लेखापरीक्षण किन आवश्यक पर्दछ ? स्पष्ट पार्नुहोस् ।

४. जिन्सी व्यवस्थापनको परिचय दिनुहोस् । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा जिन्सी व्यवस्थापनको आवश्यकता औंल्याउनुहोस । जिन्सी व्यवस्थालार्य अझै वैज्ञानिक र प्रभावकारी बनाउने सुझावहरु प्रस्तुत गर्नुहोस् ।

### खण्ड 'ग' कम्प्युटर/ आइटी सम्बन्धी ज्ञान

५. छोटकरीमा वर्णन गर्नुहोस ।

क. वर्ड (Word) तथा एक्सेल (Excel) को उपयोगिता

ख. तथ्याङ्क सुरक्षित राख्ने उपायहरु (Data Security Measures)

ग. सूचना प्रविधिको महत्व (Importance of IT)

CamScanner

## लोक सेवा आयोग
## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, सूचना प्रविधि चौथो, सहायक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
## २०७३/११/२१

पत्र: द्वितिय
समय: ३ घण्टा

पूर्णाङ्क : १००

**विषय: व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

*प्रत्येक खण्ड (Section) को उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

### खण्ड 'क'

१. द्वन्द भनेको के हो ? सङ्गठनमा द्वन्द श्रृजनाका प्रमुख कारणहरु उल्लेख गर्दै द्वन्द व्यवस्थापन (Conflict Management) का लागि कस्ता उपायहरु अपनाउनुपर्छ ? लेख्नुहोस् ।

२. अभिलेख व्यवस्थापन भन्नाले के बुझिन्छ ? बैंकिङ क्षेत्रको अभिलेख व्यवस्थापनको सन्दर्भमा 'Digital Documentation' तथा 'Electronic Document Management System' बीचको भिन्नता दर्शाउनुहोस् । प्रभावकारी संचारको महत्वबारे प्रकाश पार्नुहोस् ।

### खण्ड 'ख'

३. नेतृत्व र कर्मचारीबीच कस्तो सम्बन्ध हुनुपर्दछ ? यक्त सम्बन्ध कसरी स्थापित गर्न सकिन्छ ? कर्मचारीलाई दिइने तालिमले कार्यसम्पादनमा कसरी सहयोग पुऱ्याउँछ ? चर्चा गर्नुहोस् ।

४. वाणिज्य बैंकको काम, कर्तव्य उल्लेख उल्लेख गर्नुहोस् । बैंकिङ तथा वित्तीय क्षेत्रको कारोवारमा पहिचान भएको जोखिमहरुबारे वर्णन गर्नुहोस् ।

### खण्ड 'ग'

५. हिसाव गर्नुहोस् ।

क. १०० दिनमा ५ प्रतिशतका दरले रु ५० ब्याज आउँछ भने मूलधन कति होला ?

ख. तीन जनाले रु ३००० ।- १:२:३ का दरले लगानी गर्दछन् भने प्रत्येकले कति लगानी गरे ?

ग. १० जना मानिसलाई १२ दिन लाग्ने काम ३० जनाले कति दिनमा गर्न सक्छन् ?

घ. रामले श्यामसँग २० % ब्याजदरमा रु ५०,००० ।- ऋण लिएर मोटर साइकल किन्यो र २ वर्षपछि रु ७०,००० मा बेच्यो भने रामलाई ब्जाजसहित कति नाफा/नोक्सान भयो ?

ङ. सीताले रु ५,००० मा किनेको साडी ५ % घाटामा बेचिन् भने वास्तविक नोक्सान कति भयो ? उक्त साडीमा १० % नाफा कमाउन कतिमा बेच्नु पर्नेथ्यो ?

CamScanner